का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ पुस २०८२
मंगलबार
30 December 2025
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३२० । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# बहादुर भवनमा चुनावको माहोल

## दलहरूले बुझाए समानुपातिक सूची, नयाँ अनुहारको वर्चस्व

**नेपाली कांग्रेस**
पुरानालाई ५ प्रतिशत र नवयुवाहरूलाई प्राथमिकता

**नेकपा एमाले**
पुराना नेताहरू समेटेर नयाँ अनुहारको वर्चस्व

**रास्वपा**
रवि ५२, बालेन ४० र कुलमान समूहको १८ जनाको सूची तयार

**नेकपा**
विगतमा समानुपातिकमा नपरेका नयाँलाई प्राथमिकता



**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, १४ पुस

आगामी फागुन २१ मा हुने प्रतिनिधि सभा निर्वाचनका लागि निर्वाचन आयोगले दिएको समयसीमाअनुसार दलहरूले समानुपातिक बन्दसूची बुझाएका छन्। विघटित प्रतिनिधि सभाका प्रमुख दल नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), रास्वपा, राप्रपासहित दलहरूले बन्द सूची बुझाएका हुन् ।

त्यस्तै, पहिलोपटक निर्वाचनमा भाग लिने नयाँ दलहरूले समेत समानुपातिक बन्दसूची बुझाएका छन् । जेनजी आन्दोलनपछि आमपरिवर्तनको चाहनालाई ख्याल गर्दै पुराना राजनीतिक दलहरूले पटकपटक समानुपातिकमा बसेकालाई यसपटक बिदाइ गरेका छन् । आयोगले सूची बुझाउन आइतबार र सोमबारसम्मको समय तोकेको थियो । सोमबार राति अबेरसम्म टोकन लिएका दलहरूका लागि मंगलबार बिहान १० बजे सम्म सेवा दिने आयोगले जनाएको छ। उक्त समयभित्र निर्वाचनमा भाग लिने सबै दलहरूले समानुपातिक सूचीकृत गर्ने काम गरिसक्नुपर्नेछ ।

>>> पृष्ठ २ मा

### प्रि-इलेक्सनबाट उम्मेदवार छनोट

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रिइलेक्सनबाट मतदान गरेर उम्मेदवाहरू छनोट गरेका छन् । मतदाताहरूले पहिलो नम्बरमा रमेश प्रसाईंलाई रोजेका छन् । दोस्रोमा प्रमोद न्यौपाने, तेस्रोमा रञ्जु दर्शनालाई मतदाताले छनोट गरेका छन् । यस्तै, चौथोमा टिका संग्रौला (ज्वाला), पाँचौंमा लिमा अधिकारी, छैटौंमा समीक्षा बास्कोटा, सातौंमा विपिनकुमार आचार्यलाई छनोट गरेका छन् । मत संख्याअनुसार आठौंमा क्रान्ति शिखा धिताल, नवौंमा प्रतिभा रावल निर्वाचित भएकी छन् । यस्तै, आदिवासी जनजातितर्फ उत्तमबहादुर गुरुङ पहिलो नम्बरमा, गायिका

>>> पृष्ठ २ मा




### प्रधानमन्त्री र मन्त्रीहरू पनि उस्तै

सरकारी कर्मचारीका लागि सम्पत्ति विवरण बुझाउनुपर्ने बाध्यकारी व्यवस्था जति छ सार्वजनिक पदधारण गरेका अन्य व्यक्तिका लागि पनि उत्तिकै छ ।

तर प्रधानमन्त्रीसहित मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक नै गर्ने अभ्यास छ । प्रधानमन्त्रीसहित मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक गर्नुलाई सुशासन र पारदर्शिताको मानकका रूपमा लिने गरिन्छ । तर वर्तमान संघीय मन्त्रिपरिषद्का कसैले पनि सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार प्रधानमन्त्रीसहित मन्त्रीहरू सबैको सम्पत्ति विवरण प्राप्त भएको छ । तर सार्वजनिक गर्ने निर्णय भएको छैन ।

सुशासनविद् काशीराज दाहाल भ्रष्टाचार र भ्रष्टाचारजन्य कार्य हुन सक्ने क्षेत्रअन्तर्गतका सार्वजनिक पदधारण गरेका व्यक्तिको सम्पत्ति विवरण सुशासनको ऐना भएको बताउँछन् ।

यो पदमा जाँदा के कति थियो र पदबाट हट्दा के कति थपघट भयो भनेर हेर्ने कुरा हो । यसलाई सुशासनको ऐनाका रूपमा समेत व्याख्या गर्ने गरिन्छ । यसकारण कुनै पनि बहानामा सार्वजनिक पदमा बसेका व्यक्तिहरूको सम्पत्ति विवरण

>>> पृष्ठ २ मा

# ३ हजार बढीले बुझाएनन् सम्पत्ति विवरण

आर्थिक वर्ष २०८१/८२ मा ६८ हजार ९ सय ८४ जनाले सम्पत्ति विवरण बुझाउनुपर्ने थियो । त्यसमध्ये ४ दशमलव ४ प्रतिशत अर्थात् ३ हजार २ सय ३० जना सार्वजनिक पदधारण गरेका व्यक्तिले सम्पत्ति विवरण बुझाएका छैनन् ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १४ पुस

सार्वजनिक पदधारण गरेका व्यक्तिले सम्पत्ति विवरण अनिवार्य रूपमा बुझाउनुपर्छ । तर ३ हजार बढीले सम्पत्ति विवरण समयमै नबुझाएको पाइएको छ ।

राष्ट्रिय किताबखानाको अभिलेखअनुसार आर्थिक वर्ष २०८१/८२ मा ७२ हजार २ सय १४ मध्ये ६८ हजार ९ सय ८४ ले आफ्नो सम्पत्ति विवरण बुझाउनुपर्ने थियो । प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवाका कर्मचारी, न्यायाधीश,

>>> पृष्ठ २ मा

# सम्पर्कविहीन विद्यालय बेखबर महानगर

## बन्द भएका १०७ विद्यालयको विद्यार्थी अभिलेख खोज्न कहाँ जाने ?

महानगरभित्र कक्षा १२ सम्म अध्यापन गरिने केही निजी विद्यालय पनि बन्द भएका छन् । विद्यालय बन्द भएसँगै विद्यार्थीका अभिलेख र महत्वपूर्ण कागजात कहाँ छन् ? यसको जवाफ महानगर शिक्षा विभागसँग पनि छैन ।




**सपना बोहरा / मध्यान्ह**
काठमाडौं, १४ पुस

आफूले अध्ययन गरेको विद्यालयबाट कुनै पनि बेला आवश्यक कागजात, सिफारिस र चारित्रिक प्रमाणपत्र हराएमा प्रतिलिपि लिनुपर्ने हुन्छ । तर आफूले अध्ययन गरेको विद्यालयको नै नामोनिशान नहुँदा के हुन्छ ? यस्तै समस्यामा पर्ने भएका छन् काठमाडौं महानगरका निजी विद्यालयमा अध्ययन गरेका हजारौं विद्यार्थी ।

काठमाडौं महानगरपालिका शिक्षा समितिको गत साउन २८ गते १ सय ७ विद्यालयलाई सम्पर्कमा नआए विद्यालय सञ्चालन अनुमति खारेज गरिदिने सूचना प्रकाशित गरेको छ । साथै सोही सूचनामा सम्पर्क गर्नुपर्ने विद्यालयको सूची पनि सार्वजनिक गरिएको छ । महानगरले सार्वजनिक गरेको सूचीमा केही विद्यालय दुई दशकसम्म सञ्चालन रहेका र हाल बन्द भएका विद्यालय पनि छन् । यद्यपि आफैंले सञ्चालन अनुमति दिएका र केही समय सञ्चालन रहेका विद्यालयको यकिन तथ्यांक महानगरसँग छैन ।

अनुमति लिएर कहिल्यै सञ्चालन नगरेका र सञ्चालनमा आएर पछि बन्द भएका विद्यालयसमेत उक्त सूचीमा परेको काठमाडौं महानगरपालिकाको शिक्षा विभागका विभागीय प्रमुख केशव ज्ञवाली बताउँछन् । 'अभिलेखअनुसार सञ्चालनमा देखिए पनि वास्तविक रूपमा फिल्डमा नदेखिएका सबै विद्यालयलाई अन्तिम सूचना जारी गरिएको हो,' उनले भने, 'तर तोकिएको समयभित्र पनि कोही सम्पर्कमा नआएपछि विद्यालय बन्द गर्ने निर्णय गर्न लागिएको हो ।' ती विद्यालयहरू कहिलेदेखि सञ्चालन भएर के कारणले स्थलगत रूपमा देखिएनन् भन्ने मध्यान्हकर्मीको प्रश्नमा उनले भने, 'हामीलाई ती विद्यालयबारे केही जानकारी नभएर नै सम्पर्कमा आउन अनुरोध गरेका हो ।'

काठमाडौंको शंखमूलस्थित प्यासिफिक एकेडेमी महानगरको शिक्षा विभागमा स्थलगत रूपमा सञ्चालनमा नआएको भन्दै सदाका लागि विद्यालय बन्द गर्ने तयारी सूचीमा राखिएको छ । २०४९ सालमा स्थापना भएको सो विद्यालयको वेवसाइटमा भने विद्यालयबारे विवरण उल्लेख छन् । तर विद्यालय

>>> पृष्ठ २ मा

**उपभोक्ताको सूचना पाउने हक सुनिश्चित गरौं ।**

- वस्तु तथा सेवा प्रदायकले आफ्नो उत्पादन/सेवाका बारेमा तथ्यपूर्ण जानकारी दिऔं ।
- मूल्यु, मात्रा, प्रयोगको अन्तिम म्याद, जोखिम तथा प्रयोग विधि सार्वजनिक गरौं।
- झुट्टा दावी, भ्रमपूर्ण प्रचार, अतिरञ्जित विज्ञापन नगरौं/नगराऔं।
- उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरौं/गराऔं।
- उपभोक्ताको तथ्यपूर्ण सूचना पाउने हकको संरक्षण गरौं।
- उपभोक्ता हकको संरक्षणलाई सामाजिक जिम्मेवारीका रूपमा लिऔं।
- सबै वर्ग र समूदायका उपभोक्ताले सजिलै बुझ्ने भाषा, माध्यम र प्रस्तुति गरौं।
- अनुचित व्यापारिक क्रियाकलाप तथा उपभोक्ता छल्ने प्रवृत्तिको अन्त्य गरौं।
- उपभोक्तालाई मर्का परे उजुरी दिने लिने व्यवस्था मिलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**वैदेशिक रोजगार विशेष**

# लोकतान्त्रिक एसोसिएसनद्वारा कांग्रेस कार्यालय पुनर्निर्माणका लागि २५ लाख हस्तान्तरण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ पुस

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले ललितपुरको सानेपास्थित नेपाली कांग्रेसको केन्द्रीय कार्यालय, बिपी स्मृति भवन पुनर्निर्माणका लागि २५ लाख रुपैयाँ संकलन गरेर हस्तान्तरण गरेको छ । सोमबार नेपाली कांग्रेसको केन्द्रीय कार्यालयले बिपी

>>> पृष्ठ २ मा




### नयाँ श्रम सचिवमा काफ्ले



काठमाडौं / मस- सरकारले गरेको ७ जना सचिवको सरुवामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव पनि परेका छन् । श्रम मन्त्रालयमा नयाँ मन्त्री आएसँगै कार्यशैलीमाा भिन्नता रहेको सार्वजनिक चर्चा चलिरहेका बेला

>>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

१५ पुस २०८२ मंगलबार
30 December 2025 Tuesday

# रास्वपा र कुलमानबीच एकता सहमति

काठमाडौं/मस- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र उज्यालो नेपाल पार्टीबीच एकताका लागि सातबुँदे सहमति भएको छ। सहमतिअनुसार जेनजीले भ्रष्टाचार र कुशासनविरुद्ध उठाएको आन्दोलनको मर्म आत्मसात् गर्दै घाइते तथा शहीद परिवारका मागहरूको यथोचित सम्बोधन गर्ने प्रतिबद्धता जनाइएको छ।

सहमतिमा उज्यालो र आत्मनिर्भर अर्थतन्त्र डेलिभरीमा आधारित राजनीति, योग्यताप्रणाली (मेरिटोक्रेसी)को स्थापना, भ्रष्टाचारमा शून्य सहनशीलता र सुशासनप्रति दृढ प्रतिबद्धतासहित गहिरा नीतिगत, संस्थागत तथा संरचनात्मक सुधारमार्फत आगामी दश वर्षभित्र नेपाललाई सम्मानजनक मध्यम आय भएको राष्ट्र बनाउने मार्गचित्रको इमानदार कार्यान्वयनमा समर्पित हुने उल्लेख छ।



एकता पश्चात् स्थापित दलको नाम रास्वपा नै रहनेछ। दलको झन्डा साबिककै लिलो पृष्ठभूमिमा सेतो गोलाकारभित्र निलो घण्टीको आकृति रहनेछ भने चुनाव चिन्ह 'घण्टी' नै कायम हुनेछ। पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने सहमति भएको छ।

नेतृत्व संरचनाअनुसार रास्वपाको केन्द्रीय सभापति रवि लामिछाने रहनेछन्। उपसभापतिमा कुलमान घिसिङ, डिपी अर्याल र स्वर्णिम वाग्ले रहने सहमति भएको छ। सम्झौतामा 'उज्यालो नेपालको अभियान'लाई पार्टीका कार्यक्रमहरूसँग जोड्दै संगठनात्मक संरचना थप सक्षम र फराकिलो बनाइने उल्लेख छ। त्यसक्रममा उनेपा पक्षका युवा अभियन्ता तथा अनुभवी विज्ञहरूलाई योग्यता, समावेशिता र सार्वजनिक छविलाई आधार मानेर समुचित समायोजन गरिनेछ।

यस सहमति बमोजिम रास्वपासम्बन्धी दस्ताबेज निर्वाचन आयोगमा अद्यावधिक गरिने र पार्टीको सिद्धान्त, नेतृत्व तथा चुनाव चिन्ह 'घण्टी'मा गोलबद्ध भई लोकतान्त्रिक सुशासन, समुन्नति र सामाजिक न्यायका मुद्दा अघि बढाउन अन्य सुसंस्कृत तथा परिवर्तनकामी वैकल्पिक राजनीतिक शक्ति, समूह र व्यक्तिहरूलाई आह्वान गर्ने सहमति पनि भएको छ।

# वीरगन्ज महानगरपालिकाको बजेट खर्च ३३ प्रतिशत

**महमद सदाब/मध्यान्ह**
वीरगन्ज, १४ पुस

वीरगन्ज महानगरपालिकाको १९औं नगरअधिवेशन सोमबार सम्पन्न भएको छ। अधिवेशनबाट गत असोजमा भएको विशेष अधिवेशनमा कटौति गरिएको वडाको २५ प्रतिशत बजेटलाई पुनः थप गर्ने प्रस्ताव पारित भएको छ। भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनबाट क्षतिग्रस्त उक्त महानगरपालिकाको भवनमा असोजमा विशेष अधिवेशन भएको थियो।

सो अधिवेशनले महानगरको सबै संरचनामा क्षति पुगेकाले पुनःनिर्माणलाई प्राथमिकतामा राख्दै वडाको समेत बजेट कटौति गरेको थियो। पुनःनिर्माणका लागि आवश्यक स्रोत जुटाउन चालु आर्थिक वर्षमा १७औं अधिवेशनले छुट्याएको बजेटलाई यथावत् रहने गरि अहिलेको अधिवेशनबाट पारित गरिएको महानगर प्रमुख राजेशमान सिंहले जानकारी दिए।



उनले चालु आर्थिक वर्षको आजसम्म समग्र आय-व्ययको अवस्था समेत जानकारी गराएका थिए। अहिलेसम्म बिनियोजन गरिएको कुल ३ अर्ब २२ करोड रकममध्ये १ अर्ब १३ करोड खर्च भएको उनले बताए। खर्चको प्रतिशत हेर्दा अहिलेसम्म बिनियोजित बजेटको ३३ प्रतिशत खर्च भएको छ। चालु खर्चतर्फ ३४.७८ प्रतिशत र पुँजीगत खर्चतर्फ ३२.६४ प्रतिशत रहेको मेयर सिंहले जानकारी गराए।

महानगरपालिकाले आर्थिक वर्ष २०८२/८३ भित्र सुलभ औषधी पसल, प्रयोगशाला विस्तार, नगर अस्पताल सञ्चालनमा ल्याउने लक्ष्यसमेत राखेको छ। अधिवेशनमा उपमेयर इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्ण, ३२ वटै वडाका वडाध्यक्ष, वडा सदस्य लगायतको सहभागिता रहेको थियो।

# एमबिबिएसमा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल यादवलाई सहयोग

**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, १४ पुस

एमबीबीएसमा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल राजु यादवलाई बुद्ध स्कुलद्वारा नगद १० हजारसहित सम्मान गरेको छ।

न्यून पारिवारिक आर्थिक अवस्थाकाबीच पनि बुटवल १४ शान्तिपुरका यादवले मधेशी कोटाबाट दोस्रो र खुल्लाबाट ५५ औं स्थानमा नाम निकाल्न सफल भएका थिए।

सोमबार सैनामैना ७ मा रहेको बुद्ध इङ्लिस स्कुलले एक कार्यक्रमको आयोजना गरी सम्मान गरेको हो। विद्यार्थीले लक्ष्य निर्धारण गरेर मिहेनतलाई निरन्तरता दियो भने पक्कै सफल भइन्छ भन्दै शिक्षकहरुसँग सधैं अन्तरक्रिया गर्नुपर्ने उनले बताए।

एमबीबीएस सफल विद्यार्थी यादवलाई सम्मान गर्दै विद्यालय व्यवस्थापन समिति अध्यक्ष खिमराज पोखरेलले आफू र विद्यालय सदैव विद्यार्थीको पक्षमा रहेको बताए। कार्यक्रममा बोल्दै विद्यालयका प्राचार्य लेखनाथ गैरेले पढाइप्रति इच्छाशक्ति भए पैसाले बाटो कहिल्यै पनि नछेक्ने कुराको दृष्टान्त यादव बन्न सफल भएको बताए। राजु जस्ता मिहिनेती विद्यार्थीको पक्षमा आफुहरु रहेको भन्दै विश्वको एक उज्ज्वल नक्षेत्रको रुपमा चम्किलो भइ उदाउन उनले शुभकामना दिए।



घरको आर्थिक अवस्था अत्यन्तै कमजोर, दिर्घरोगबाट बिरामी बुबा,आमाले मजदुरी गरेर परिवार चलाइरहनु र त्यसमाथि पनि राजुले बिदाको समयलाई श्रममा बदल्दै आफ्नो सपना बोकेर यो उचाइसम्म पुग्नु साँच्चिकै प्रेरणाको विषय हो।

यादव कक्षा दशसम्म नवरत्न माध्यमिक विद्यालयमा पढेका थिए भने कक्षा ११/१२ नवीन औद्योगिक कदर बहादुर रिता माध्यमिक विद्यालयमा अध्ययन गरेका थिए। अब उनी चिकित्सा अध्ययन संस्थान महाराजगञ्जमा अध्ययन गर्नेछन्।

## बहादुर...

उम्मेदवारको बन्दसूची बुझाउने समय नथपिने निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए। 'तर सूची बुझाउन आयोगको कार्यालयमा पुगेका दलहरूलाई भने मंगलबार बिहान १० बजे पनि सेवा दिइनेछ,' उनले भने। दलहरू निर्वाचन हुने नहुनेमै अलमल रहँदा उनीहरूका लागि बन्द सूची बुझाउन पनि निकै दबाब बढेको थियो। पुराना राजनीतिक दललाई समानुपातिक बन्द सूचीमा पर्ने उम्मेदवारहरूको संख्या धेरै भएपछि छनोटका सकस परेको नेताहरूले बताए।

यद्यपि पुराना दल नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीले पटकपटक अवसर पाएकालाई मापदण्ड बनाएरै नदोहोर्‍याउने नीति लिएका छन्। कांग्रेसले यसअघिका कुनै पनि निर्वाचनमा समानुपातिकबाट सांसद भएकाहरूलाई सूचीमा नसमेटेको सञ्चार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए। उनले भने, 'यसअघिका कुनै पनि निर्वाचनमा समानुपातिकबाट सांसद भएकाहरूलाई नराखी पार्टीमा योगदान गरेर अवसर नपाएकाहरूलाई प्राथमिकताका दिइएको छ। प्रत्यक्षमा जितेका र पार्टीले अत्यन्तै सम्मान गर्नुपर्ने ५ देखि ७ प्रतिशत पुराना नेताहरू समेटिनुभएको छ।' कांग्रेसले २०६४ देखि २०७९ सम्मको निर्वाचनमा समानुपातिकतर्फ अवसर पाएकाहरूलाई समानुपातिक उम्मेदवार नबनाउने निर्णय गरेको थियो। सोहीअनुसार बन्दसूची बुझाएको नेता विश्वकर्माले बताए। पुराना नेताहरूमा अर्जुननरसिंह केसी, भिष्मराज आङदेम्बेसहित केहीलाई भने समानुपातिकमा राखिएको छ। नेकपा एमालेले केही पुराना अनुहारसहित नयाँ अनुहारकै वर्चस्वसहित सूची पेस गरेको सचिव राजन भट्टराईले बताए। 'केही पुराना नेताहरू पनि समेटिनुभएको छ। तर वर्चस्व नयाँ अनुहारकै छ,' उनले भने।

वैकल्पिक शक्तिका रूपमा उदाएका नयाँ दलहरूलाई समेत पार्टी एकताको चटारोले समानुपातिक सूची बुझाउन हम्मेहम्मे परेको छ। बालेन शाह समूहसँग एकता गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले बन्द सूची बुझाउने नाम आन्तरिक मतदानबाट दिउँसै टुंगो लगाए पनि बालेन समूहबाट आउने र कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाललाई समेत समेट्न साँझसम्म पनि सूची पुर्‍याएको थिएन। १ सय १० जनाको नाम बन्द सूचीमा बुझाउनुपर्ने रास्वपामा कुलमानसँग पार्टी एकताको सहमति भएपछि उनको पार्टीलाई १८ जना समानुपातिक दिने सहमति भएको छ। यसअघि बालेन समूहलाई ४० र रवि पक्षलाई ७० जनाको समानुपातिक सूची बनाउने तयारी थियो। कुलमान आएसँगै रवि पक्षका १८ जना दिएपछि सबै पक्षसँगको सूची समायोजन गरेर अन्तिम रूप दिइने रास्वपाका नेताहरूले बताएका छन्।

### कांग्रेसमा पुरानालाई ५ प्रतिशत

समानुपातिक बन्द सूचीमा नेपाली कांग्रेसले पुराना नेताहरूलाई ५ प्रतिशत मात्रै दिएको दाबी गरेको छ। सञ्चार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माले यसपटक अधिकांश उम्मेदवार नयाँ र अवसर नपाएकाहरूलाई समानुपातिकमा समेटिएको बताए। पदाधिकारीबाट सहमहामन्त्री भिष्मराज आङ्दम्बेको नाम राखिएको छ भने अन्यमा अर्जुननरसिंह केसी छन्। त्यस्तै, आदिवासी जनजातिबाट पूर्वमन्त्री रोमी गौचन, गोपालमानसिंह राजभण्डारीको पनि नाम गएको छ। महिलाबाट उर्मिला थपलिया, प्रेमिका रानामगर, रुक्मिणी कोइराला, गोमा भट्टराई, देवकी गौतमलगायतको नाम बन्दसूचीमा छ। युवाबाट प्रेमिका र सेतेमान तामाङ, गीता गुरुङसमेतको नाम सूचीकृत भएको छ। त्यस्तै, चलचित्र निर्देशक मीन भामको पनि नाम बन्दसूचीमा परेको बताइएको छ। त्यस्तै, पूर्वरक्षामन्त्री भीमसेनदास प्रधान समानुपातिक सूचीमा परेका छन्। मधेश प्रदेशको समानुपातिकको भागबन्डा महेन्द्र यादव, फर्मुला मन्सुर, उमकान्त चौधरी र कृष्ण यादवबीच सहमति हुन नसक्दा समस्या परेको थियो। बन्द सूचीको प्रारम्भिक लिस्ट बुझाइएकाले कतिपय मिलाउनुपर्ने बाँकी नै रहेको कांग्रेसका नेता विमलेन्द्र निधिले बताए।

### एमालेको सूचीमा को परे ?

एमालेले समानुपातिकतर्फ उपाध्यक्ष रामबहादुर थापा बादल, सचिव पद्मा अर्यालसहित सूचीमा परेका छन्। बन्द सूचीमा नयाँदेखि पुराना समेतलाई स्थान दिएको हो। निर्वाचन आयोगमा पेस गरेको बन्दसूचीमा उपाध्यक्ष बादल, सचिव अर्यालदेखि जेनजी पुस्तकी निताता घतानीसम्म छन्। नयाँबाट क्रान्ति बुर्लाकोटी, भूमिका सुब्बालगायत परेका छन्। त्यस्तै, लेखा आयोगका अध्यक्ष डा. पुष्प कडेल, स्थायी कमिटीका पूर्वसदस्य गोरखबहादुर बोगटी पनि सूचीमा छन्। अन्य समूहबाट पूर्वउपाध्यक्ष गुरु बरालसमेत परेका छन्।

त्यस्तै, पुराना नेताबाट रामेछापका राजकुमार श्रेष्ठ पनि समेटिएका छन् भने टुका हमाल, निरु पाल, कोमल ओली, शान्ता चौधरी, अनिता कन्दङ्वा पनि बन्दसूचीमा छन्। पिछडिएको क्षेत्रबाट गोरख बोगटी, लालबहादुर महतरा, लालबहादुर रावललगायत आठ जना परेका छन्। अपांगता भएका समुदायबाट स्यांजाका रामबहादुर थापा र यसुदा बराल परेको एमालेले जनाएको छ। त्यस्तै, दलित क्लस्टरमा मिना बराम, मनकुमारी तितुङ, माया देवी पौडेल, निर्मल दउला, जितु गौतमलगायत छन् भने अल्पसंख्यक क्लस्टरबाट रामपुकार दास तत्मा, सन्तबहादुर चेपाङ, इच्छा चौधरीलगायत छन्। आयोग पठाइएका कतिपय नाम सच्याउनुपर्ने र क्लस्टर मिलाउनुपर्ने भएकाले सबै सूची सार्वजनिक गरिएको छैन। आइतबार सम्पन्न सचिवालय बैठकले समानुपातिक उम्मेदवारको सूची पारित गर्दै थपघट गर्ने अधिकार अध्यक्ष केपी शर्मा ओलीलाई दिएको थियो। सोही अनुसार निर्वाचन आयोगमा पेस गरिएको एमालेले बताएको छ।

### नेकपामा

नेपाली कम्युनिस्ट पार्टीले पनि तल्ला तहबाट आएका नाम क्लस्टर मिलाएर बन्द सूची बुझाएको नेकपाका नेता राजेन्द्र पाण्डेले बताए। 'देशभरबाट आएका सिफारिस सूचीका आधारमा विगत समानुपातिकबाट आएका नेताहरू बाहेक नयाँलाई प्राथमिकताका साथ सूची तयार पारिएको छ,' उनले भने, 'कतिपय समावेशी बनाउने क्रममा युवालाई पनि समेट्छौं। आयोगले तोकेको क्लस्टरअनुसारको सूची बनाउँदा सबैमा नयाँ र पार्टीमा दुःख गरेका तर सांसद मन्त्री नभएकाहरूलाई नै सूचीमा प्राथमिकता दिएका छौं। यद्यपि सूचीमा समेटिएका उम्मेदवारको क्लस्टर हेरफेर हुन सक्ने भएकाले नाम सार्वजनिक नगरिएको बताए।

## प्रि-इलेक्सनबाट....

सत्यकला राई, तेस्रो नम्बरमा मिलन लिम्बु छन्। दलिततर्फ प्रकाशचन्द्र परियार, विजय जैरु, अमृता विक, सविना विश्वकर्मा, स्मृति सेन्चुरी, अविता नेपालीसहित छन्। मधेशीतर्फ पुनमकुमारी अग्रवाल, डा. अंकिता ठाकुर छन्। मुस्लिमतर्फ समिना मिया, अख्तर हुसैन, मोहम्मद हसरत अलीलाई मतदाताले छनोट गरेका हुन्।

## ३ हजार...

अध्ययन, अनुसन्धानमा रहेका तथा विदेशमा रहेका कर्मचारीले सम्पत्ति विवरण बुझाउनुपर्दैन। सम्पत्ति विवरण बुझाउनुपर्नेमध्ये ४.४ प्रतिशत अर्थात् ३ हजार २ सय ३० कर्मचारीले सम्पत्ति विवरण नबुझाएका हुन्।

भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० मा सम्पत्ति विवरण बुझाउनुपर्नेसम्बन्धी व्यवस्था छ। जहाँ भनिएको छ, 'सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारीसमक्ष पेस गर्नुपर्नेछ।'

'म्यादभित्र सम्पत्तिको विवरण पेस गर्न नसक्ने सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो विवरण पेस गर्न नसक्नाको कारणसहित उल्लेख गरी म्याद थपका लागि अनुरोध गरेमा सम्बन्धित निकाय वा अधिकारीले बढीमा ३० दिनसम्मको म्याद थप दिन सक्नेछ,' भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा २ मा भनिएको छ।

थप गरेको म्यादभित्र पनि सम्पत्ति विवरण पेस नगरे कारबाही हुन्छ। 'थप गरेको म्यादभित्र पनि सम्पत्ति विवरण पेस नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई ५ हजार रुपैयाँ जरिमाना गरी निज र निजको परिवारको नाममा गैरकानुनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्नेछ,' उपदफा ३ मा छ।

यसरी तोकिएको म्यादभित्र सम्पत्ति विवरण नबुझाउने कर्मचारीको नामावली राष्ट्रिय किताबखानाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने तयारी गरेको छ।

यही पुस ६ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, संघीय मामिला तथा प्रशासन मन्त्रालयका प्रतिनिधिहरू सम्पत्ति विवरण नबुझाउने कर्मचारीको सम्बन्धमा छलफलमा जुटेका थिए। त्यसआधारमा समेत राष्ट्रिय किताबखानाले तोकिएको म्यादभित्र सम्पत्ति विवरण नबुझाउने कर्मचारीको नामावली अख्तियार पठाउने तयारी गरेको हो। उनीहरूको नामावली संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सतर्कता केन्द्रमा समेत पठाउन लागिएको छ।

सम्पत्ति विवरण नबुझाउने कर्मचारीउपर अख्तियारबाट जरिमानाको निर्णय हुन सक्छ। त्यस्तो अवस्थामा सबै मन्त्रालय, प्रदेश सरकार र ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीको समन्वयमा सम्पत्ति विवरण नबुझाउने सरकारी कर्मचारीमाथि कारबाही हुनेछ।

## प्रधानमन्त्री...

गोप्य रहनु हुँदैन भन्ने मान्यता छ।

पञ्चायतकालमा मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने अभ्यास थिएन। २०४६ सालमा प्रजातन्त्र पुनर्वहाली भएपछि सार्वजनिक पदधारण गरेका व्यक्तिको सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने आवाज उठ्यो। २०४८ को आमचुनावपछि बनेको गिरिजाप्रसाद कोइराला नेतृत्वको तत्कालीन सरकारले प्रधानमन्त्री र मन्त्रीले पद बहाल गरेको १५ दिनभित्र आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने निर्णय गरेको थियो।

त्यसयता नेपालमा प्रधानमन्त्री र मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक गर्ने चलन छ। तथापि कतिपय सरकारले यसलाई मानेका छैनन्। केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारका सदस्यहरूले समेत सम्पत्ति विवरण सार्वजनिक गरेका थिएनन्। भ्रष्टाचारको अन्त्य र सुशासन माग राख्दै भएको जेनजी आन्दोलनको जगमा बनेको सरकारका प्रधानमन्त्री र मन्त्रीहरूले पनि आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन्।

## सम्पर्कविहीन...

बन्द भएको करिब एक दशक हुन थालेको छ। के कति कारणले बन्द भएको भन्ने जानकारी लिन वेबसाइटमा रहेको नम्बरमा भने सम्पर्क हुन सकेन। शंखमूलमा स्थापना भएको यस एकेडमीबारे महानगरको शिक्षा विभाग जानकार छैन।

सोही विद्यालयसँगै रहेको लालीगुराँस राष्ट्रिय सेकेन्ड्री स्कुल पनि महानगरको विद्यालय बन्द गरिने सूचीमा छ। कक्षा ११ र १२ विज्ञान, व्यवस्थापन र मानविकी संकाय सञ्चालनमा रहेको सो विद्यालयमा स्नातकसम्म अध्यापन गरिँदै आएको थियो। सो विद्यालमा कक्षा १० सम्म पनि सञ्चालन गर्ने उद्देश्यले नेसनल एकेडेमी विद्यालयलाई मर्ज गरेर सञ्चालन गरिएको दुई वर्षमै बन्द भएको छ। हाल त्यस विद्यालयमा अध्ययन गरेका विद्यार्थीका आवश्यक विवरणहरू अलपत्र छन्। त्यसैगरी दुई दशकभन्दा बढी समय सञ्चालन गरिएको शंखमूलकै विराट बोर्डिङ स्कुल पनि बन्द छ। सो विद्यालयमा कुनै समय ८ सयसम्म विद्यार्थी रहेको पूर्वशिक्षक सन्तोष पौडेल बताउँछन्। विद्यालय बन्दबारे उनी भन्छन्, 'कमजोर विद्यालय व्यवस्थापन, अन्य विद्यालयसँग प्रतिस्पर्धा गर्न नसक्दा विद्यालय बन्द भएको हो।'

त्यस्तै, मध्य बानेश्वरमा रहेको एक्ससिस इन्टरनेसनल स्कुल पनि सम्पर्कविहीन छ। विद्यालयको वेवसाइटमा भने काठमाडौंको प्राइभेट स्कुल हो भनेर उल्लेख गरिएको छ। त्यसबाहेक अन्य जानकारी छैन।

शिक्षा विभागले बन्द गरिने भन्दै प्रकाश गरिएको सूचीसहितका विद्यालयका वेवसाइटहरू एक्टिभ छैनन्। त्यहाँ राखिएका अधिकांश सम्पर्क नम्बरहरू पनि बन्द छन्। साई शिक्षा निकेतन स्कुलको पेजमा राखिएको सम्पर्क नम्बरमा फोन लागेको थियो। तर सञ्चालकले खुलेर कुरा गर्न चाहेनन्। 'हामीले महानगरलाई वार्षिक कर तिर्दै आएका छौं, पहिलेको ठाउँबाट विद्यालय सारिएको छ,' भन्दै उनले फोन काटे। सो विद्यालयको स्कुलको पेज दुई वर्ष पहिले वैशाखमा खोलिएको छ। पेजमा स्कुलको प्रिन्सिपल सुजता पौडेलले २०८० सालको एसइई परीक्षाका आठ जना उत्तीर्ण विद्यार्थीलाई बधाई दिएको तस्बिर पोस्ट गरिएको छ। त्यसबाहेक स्कुलको ठेगानालगायत अन्य कुनै जानकारी छैन।

त्यस्तै, शहीद रामनाथ दाहाल स्मृति सेकेन्डरीको बारे त केही उल्लेख छैन। नेपालबाट चार जनाले र भारतबाट एक जनाले पेजको व्यवस्थापन गर्ने उल्लेख छ। तीन दिन पहिले बिबिए र बिबिए फाइनान्स संकायमा स्कलरसिपको अफर भन्दै सूचना पोस्ट गरिएको छ। त्यहाँ दिएको तीनवटै सम्पर्क नम्बरमा फोन भने लाग्दैन।

यसरी नै महानगरपालिकाभित्र विभिन्न संकायमा पढाइने भन्दै स्थापना भएका कलेज, तथा स्कुल स्थलगत नदेखिएको भन्दै सम्पर्कमा आउन अनुरोध गरेको छ। शिक्षा विभागको सूचीमा रहेको विद्यालय सम्पर्क गर्न खोज्दा अधिकांशमा फोन लाग्दैन, पेज पनि एक्टिभ छैनन्।

यता महानगरको शिक्षा विभागले सोमबार बैठक बसेर ती विद्यालयको सञ्चालन अनुमति खारेज गर्दै कार्यपालिका बैठकमा सिफारिस गर्ने निर्णय गरेको छ। महानगरले यसअघि नै साउन महिनामा शिक्षा विभागको बैठकले विद्यालय अनुमति खारेज गर्ने निर्णय गरिसकेको थियो। त्यसयता पनि कुनै विद्यालय सम्पर्कमा नआएपछि विभागको निर्णयलाई कार्यपालिका बैठकमा पेस गर्नेगरी विद्यालयको सूची सार्वजनिक गरिएको महानगरपालिकाको शिक्षा विभागका विभागीय प्रमुख केशव ज्ञवालीले स्पष्ट पारे। विगतमा अनुमति पाएर सञ्चालन भएका तर हाल स्थलगत रूपमा नरहेका विद्यालयहरूलाई सम्पर्कमा आउन आह्वान गरिएको उनले बताए। 'स्थलगत रूपमा अनुगमन, रुजु, यकिन गरी अनुमति खारेजीका सम्बन्धमा आवश्यक निर्णय हुन कार्यपालिकामा पेस गर्ने निर्णयानुसार काठमाडौं महानगरपालिका शिक्षा विभागबाट विभिन्न समयमा भएको स्थलगत अनुगमन गरिएको थियो,' उनले भने, 'स्थलगत रूपमा सञ्चालनमा रहेको भए सम्बन्धित विद्यालयका प्रधानाध्यापक सञ्चालक/व्यवस्थापक/गुठियारलाई सम्पर्कमा आउन आह्वान गरेका छौं।'

काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ दफा १३ (८) बमोजिम विद्यालय बन्दका लागि कार्यपालिकामा सिफारिस गरिने पनि उनले जानकारी गराए।

## लोकतान्त्रिक...

स्मृति भवनमा एक संक्षिप्त कार्यक्रम गरी एसोसिएसनले पार्टीका कोषाध्यक्ष उमेश श्रेष्ठलाई उक्त रकमको चेक हस्तान्तरण गरेको हो।

त्यसअघि लोकतान्त्रिक एसोसिएसनमा आबद्ध व्यवसायीहरूले पार्टीका कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग पुनर्निर्माण भइरहेको पार्टी कार्यालय बिपी स्मृति भवनका बारेमा छलफल गरेका थिए।

कार्यवाहक सभापति खड्काले नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा क्रियाशील एसोसिएसनले रकम संकलन गरी हस्तान्तरण गरेकोमा धन्यवाद दिँदै पार्टी कार्यालयलाई पूर्ववत् रूपमा सञ्चालन गर्न सुभेच्छुक संस्था र पार्टीका सदस्यहरूबाट थप सहयोगको अपेक्षा गरिएको बताए।

जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते आगजनी गरिएको कांग्रेस केन्द्रीय कार्यालयको अहिले धमाधम मर्मत कार्य भइरहेको छ। कांग्रेसले पार्टी कार्यालयको पुनर्निर्माणका लागि शुभेच्छुक, कार्यकर्ताहरूबाट चन्दा संकलनको अभियान नै चलाएको छ।

आगजनीलगत्तै कांग्रेस कार्यकर्ताले क्षतिग्रस्त भवनको मूल ढोकामा 'हामी फेरि उठ्ने छौं' लेखिएको ब्यानर टाँगेर बिपी स्मृति भवनलाई पूर्ववत् रूपमा फर्काउने प्रतिबद्धता व्यक्त गरेका थिए।

सहयोग रकम संकलनका लागि एसोसिएसनमा आबद्ध वैदेशिक रोजगार व्यवसायीहरूका अतिरिक्त कांग्रेसका केन्द्रीय सदस्य तथा कांग्रेस वैदेशिक रोजगार तथा प्रवास समन्वय समितिका प्रमुख प्रकाश रसाइली स्नेहीलगायतले सक्रिय भूमिका खेलेका थिए।

सहयोग हस्तान्तरण कार्यक्रममा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा, एसोसिएसनका अध्यक्ष दीपक थापा, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङ, महासचिव महेशकुमार बस्नेत, संघका सल्लाहकार वरिष्ठ व्यवसायी नवराज केसी, एसोसिएसनका पूर्वअध्यक्ष नरेन्द्रप्रसाद ढकाल, वरिष्ठ उपाध्यक्ष रामप्रसाद गैरे, तृतीय उपाध्यक्ष सेमन्तराज न्यौपाने, कार्यवाहक महासचिव तुलसी पुरी, कार्यसमिति सदस्य दीपककुमार राय, शालिकराम अधिकारी, पूर्वतृतीय उपाध्यक्ष त्रिलोकचन्द विश्वास विक, लिलबहादुर तामाङलगायतका व्यवसायी सहभागी रहेका थिए।

सहयोग हस्तान्तरणपछि अध्यक्ष थापाले क्षमता र सामर्थ्यले भ्याएसम्म एसोसिएसनले मातृ पार्टी नेपाली कांग्रेसका कार्यालय भवन निर्माण र अन्य सामाजिक सेवाका कामलाई निरन्तरता दिने योजना रहेको बताए।

एसोसिएसनले यसअघि काठमाडौं महानगरपालिका वडा नं. ११ बबरमहलस्थित विवेक स्वच्छ सेवा केन्द्र नामक बालगृहलाई ५ लाख रुपैयाँ बराबरको शैक्षिक सामाग्रीलगायतको सहयोग हस्तान्तरण गरेको थियो।

## नयाँ...

सरकारले श्रम सचिव डा. कृष्णहरि पुष्करलाई उपराष्ट्रपतिको कार्यालयमा सरुवा गरी उक्त स्थानमा राष्ट्रपति कार्यालयका सचिव दीपक काफ्लेलाई ल्याएको छ।

काफ्ले यसअघि २०७८ भदौ १० गतेदेखि माघ २६ गतेसम्म वैदेशिक रोजगार विभागको महानिर्देशक नियुक्त भएका थिए।

# मुलुक निर्वाचनमा होमियो : मन्त्री खरेल

**गोरखा/मस–** सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले राजनीतिक दलले समानुपातिक उम्मेदवारको बन्दकसूची बुझाएसँगै मुलुक सम्पूर्ण रूपमा निर्वाचनमा होमिएको बताएका छन्। गोरखामा स्मार्ट हुलाक घोषणा कार्यक्रमलाई सोमबार सम्बोधन गर्दै उनले आगामी निर्वाचनमा सहभागी हुने क्रममा सो कुरा बताएका हुन्।

मन्त्री खरेलले आगामी फागुन २१ गते चुनाव हुन्छ कि हुँदैन भन्ने बहसको अन्त्य भइसकेको भन्दै तोकिएकै समयमा शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने बताए। उनले भने,'चुनाव हुन्छ कि हुँदैन भन्ने बहस पनि अब अन्त्य भएको छ। आगामी निर्वाचन शान्तिपूर्ण ढंगबाट सम्पन्न गर्नेगरी सबैले भाग लिने वातावरण बनाउनुपर्छ।'

मन्त्री खरेलले विगतमा विषम परिस्थितिमा पनि निर्वाचन हुँदै आएको उल्लेख गर्दै यसपटक पनि सरकार र राजनीतिक दल शान्तिपूर्ण रूपमा निर्वाचन गर्न सफल हुने विश्वास व्यक्त गरे। 'निर्वाचनको पहिलो सर्त नै शान्ति सुरक्षा




भएको हो। सरकारले ढुक्क भएर मतदान गर्ने वातावरण निर्माण गरिरहेको छ। सुरक्षा निकाय पूर्ण तयारी अवस्थामा रहेकाले शान्ति सुरक्षाको वातावरणमा कुनै समस्या हुँदैन। विगतमा जस्तै हामी निर्वाचन गरेर सफल उदाहरण पेस गर्नेछौं,' मन्त्री खरेलले भने।

देशको विकास र समृद्धिका लागि सबैलाई निर्वाचनमा सक्रिय सहभागिता जनाउन र योग्य उम्मेदवारलाई विजयी गराउनसमेत आग्रह गरे। हरेक निर्वाचनमा ई-भोटिङ तथा विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिने विषय यसपटक पनि चर्चामा रहेको उल्लेख गर्दै उनले त्यसमा सरकारले अझै प्रयास जारी राखेको बताए। अन्तरजिल्ला तथा वैकल्पिक मतदान प्रणालीबारे गम्भीर रूपमा छलफल भइरहेको पनि मन्त्री खरेलले जानकारी दिए।

उनले सबै सरोकार भएकाहरूलाई निर्वाचन सफल बनाउन आह्वान गर्दै स्मार्ट हुलाक सेवामार्फत हुलाक सेवा घरघरमा पुऱ्याउन सम्बन्धित निकायलाई निर्देशन दिए।

कार्यक्रममा सञ्चार मन्त्रालयकी सचिव राधिका अर्यालले स्मार्ट हुलाक सुरुवात गरेर गोरखा जिल्ला उदाहरणीय बनेको बताइन्। उनले सूचना प्रविधिको विकाससँगै हुलाक सेवालाई पनि रूपान्तरण गर्दै लाभ लिनुपर्ने र त्यसमा सरकारले काम गरिरहेको बताइन्। 'देशमा 'स्मार्ट हुलाक' सेवाको शुभारम्भ हुनु गौरवपूर्ण क्षण हो। जनताको घरदैलोसम्म पुग्ने सेवा हुलाक भएकाले सबै सरकारी कार्यालयलाई हुलाकसँग आबद्ध गर्नुपर्ने आवश्यकता छ,' उनले भनिन्, 'उत्तरी गोरखाको दुर्गम क्षेत्रमा पनि टेलिफोन तथा सञ्चार सेवा विस्तारका लागि पहल गर्नेछौं।'

# करार सम्झौता नहुँदा ठगिन्छन् महिला श्रमिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ पुस

बर्दियाकी निशा थारुलाई धेरै ठेकदारले ठगेको बताउँछिन्। निर्माणसम्बन्धी काम गर्दै आएकी थारु काम सकिएपछि पैसा दिन्छौं भन्दै ठेकदारले ठग्ने गरेको बताउँछिन्। 'निर्माणको काम गर्ने बेला ठेकदारसँग कुनै सम्झौता हुँदैन। काम सकिएपछि पैसा नदिएर भाग्छन्, हामी कहाँ उजुरी दिने ?' उनी गुनासो गर्छिन्।

प्रमाणबिना आफू ठगिए पनि उजुरी गर्दा मुद्दा दर्ता नहुने उनले बताइन्। उनले मजदुरी काम गरेबापत दैनिक ५ सय रुपैयाँ ज्याला पाउँछिन्, त्यो पनि ठेकेदारले पैसा लिएर भाग्ने गरेको उनले दुखेसो छ।

'काम गर्दै गर्नु, एकैपटक पैसा आउँछ भन्दै आस देखाउँछन्,' उनले भनिन्, 'पैसा आउँला भन्दै उधारो चामल, नुन तेल खाइन्छ, पछि सम्पर्कमा नै आउँदैनन्।' उनले हालसम्म ठेकेदारबाट १ लाख १६ हजार बढी रकम ठगिएको बताइन्।

निशाजस्तै राजपुरकी चाँदनी थारुको पनि ठेकदारसँग ४५ हजार रुपैयाँ लिन बाँकी छ। आफूले काम गरेको पैसा माग्दा उल्टै पैसा खाएर भाग्दैनौं भन्दै थर्काउने गरेको उनले बताइन्।

'ठेकदारसँग ठगिएको छु, काम गरेको हाजिरी पनि लगाएको छु तर पैसा दिएको र दिन बाँकी उल्लेख गरिएको हुँदैन्,' उनले भनिन्। पहिले पैसा दिन्छौं भन्दै काम गर्न लगाउँछन्, पैसा दिने बेला ठेकेदार सम्पर्कमा नआउने उनी बताउँछिन्।

राजापुर नगरपालिका-३ बर्दियाकाकी कृष्णा थारुको ३ लाख रुपैयाँ बढी रकम ठेकदारले ठगेर भागेका छन्। उनले ठेकदारले पैसा दिन्छौं भन्दै पसलमा उधारो राख्दै साँझ बिहानको जुगाड गरेकी थिइन्।

'श्रीमान श्रमतीले काम गरेको पैसा ठेकेदारसँग ३ लाख रुपैयाँ लिन बाँकी छ,' उनले भनिन्, 'काम गर पैसा दिन्छौं भन्दै काममा लगाए, पैसा दिने बेला भागे, अहिले सम्पर्कमा छैनन्।' ठेकदारसँग पैसा निकाल्न उनले राजापुर नगरपालिकाको न्यायिक समितिमा समेत उजुरी दिइन्। 'न्यायिक समितिलाई बुझ्दा प्रमाण लिएर आउनुस् भन्छन्। कुनै सम्झौता नै हुँदैन, कहाँबाट प्रमाण लैजानु ?' उनले भनिन्, 'निर्माणसम्बन्धी काम गरेबापत दैनिक ६ सय ५० पाउँछिन् तर पाउनुपर्ने ७ सय ५४ रुपैयाँ हो, महिनाभरी काम गरे पनि पैसा पाइँदैन।'

निशा, चाँदनी र कृष्णाजस्ता बर्दियाका ६ सय बढी श्रमिक महिला काम गरेको ज्याला नपाएर ठगिएको तथ्यांक अनौपचारिक श्रमिकहरूले



निकालेका छन्। आफूसँग काम गर्ने समयमा करार सम्झौतापत्र नहुँदा ठेकेदार तथा मालिकसँग ठगिएको पैसा निकाल्न नसकिएको उनीहरू बताउँछन्।

करार सम्झौता नहुनु नै श्रमिकहरूको मुख्य समस्या भएको श्रमिक अभियन्ता गिता कुमाल बताउँछिन्। 'निर्माणसम्बन्धी काममा मौखिक सम्झौता हुन्छ, लेनदेनको कुनै सम्झौता हुँदैन,' उनले भनिन्। ठेकेदारसँग सम्झौतापत्र माग्ने हो भने काममा नलगाउने गरेको उनले बताइन्। 'हामीले कम ज्यालामा ठेकेदारहरूले भनेकै अनुसार काम गर्छौं,' उनले भनिन् 'त्यसमा पनि ठगिनुपर्छ।'

बर्दियामा ठेकेदारबाट ठगिएका श्रमिक महिला संगठित भएर न्यायिक समितिमा उजुरी दिन थालेको उनले बताइन्। अनौपचारिक क्षेत्रमा काम गर्ने महिलाहरूले काम गरेको पाउनुपर्ने ज्याला ठेकेदारबाट उपलब्ध गराउन अनुरोध गर्दै सम्बन्धित न्यायिक समितिमा उजुरी दिन थालेको उनले बताइन्। न्यायिक समितिमा उनीहरूले ठेकेदारको नाम तोकेर पाउनुपर्ने रकम उल्लेख गरेर उजुरी दिएका छन्। 'हामीसँग करार सम्झौता त छैन' उनले भनिन्, 'काम गरेको हाजिर लगाएको र ठेकेदारबाट पैसा लिएको रेकर्ड छ।'

'निर्माणमा गाह्रो काम हुन्छ पैसा पूरा पाइँदैन, भने जतिको ज्याला पाइँदैन,' उनले भनिन् 'ज्याला पाइहाले पनि ठेकदारले पूरा पैसा नदिएर ठगेर भाग्छन्। महिला श्रमिकका समस्या धेरै नै छन्।'

# नेकपा र नागरिक उन्मुक्तिबीच एकीकरण

**काठमाडौं/मस–** नेपाली कम्युनिस्ट पार्टी(नेकपा) र नागरिक उन्मुक्ति पार्टीबीच पार्टी एकीकरण गर्ने सहमति भएको छ।

दुवै पार्टीबीच समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै अग्रगामी परिवर्तनको दिशामा अघि बढ्ने उद्देश्यसहित सहमतिपत्रमा हस्ताक्षर गरिएको हो। सहमति अनुसार एकीकरणपछि पार्टीको नाम नेपाली कम्युनिस्ट पार्टी रहनेछ भने चुनाव चिन्ह तारा हुनेछ। दुवै पार्टीबाट संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू स्वतःनेपाली कम्युनिस्ट पार्टीको सदस्य हुने व्यवस्था गरिएको छ। नागरिक उन्मुक्ति पार्टीका केन्द्रीय समितिलगायत सम्पूर्ण संगठनात्मक संरचना र जनवर्गीय संगठनहरू आपसी सहमतिमा नेकपामा समायोजन गरिने उल्लेख छ।

सहमति-पत्रमा मुलुकको सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डताको रक्षा गर्दै संघीय समाजवादी गणतन्त्रको रणनीतिक लक्ष्य प्राप्तिका लागि सडक,



सदन र सरकार तीनवटै मोर्चाबाट संघर्ष गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। साथै संघीय शासन प्रणाली, लोकतान्त्रिक मूल्य मान्यता, वर्गीय, जातीय, क्षेत्रीय र लैंगिक विभेदको अन्त्य गर्दै समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्ने कार्यलाई पार्टी कार्यक्रमका रूपमा अंगिकार गरिने जनाइएको छ।

पार्टी सञ्चालनमा सामूहिक नेतृत्व, समावेशी प्रतिनिधित्व र जनवादी केन्द्रीयताको संगठनात्मक पद्धति अपनाइने सहमतिमा उल्लेख छ। वर्तमान संविधानका सकारात्मक पक्षहरूको रक्षा र सुदृढीकरण गर्दै शासकीय स्वरूप,निर्वाचन प्रणाली र संघीय संरचनाको सवलिकरणका विषयमा संविधान संशोधन र अग्रगामी परिमार्जनका लागि पहल गर्ने जनाइएको छ।

सहमतिपत्रमा महिला, थारू, मधेशी, आदिवासी जनजाति, दलित, मुस्लिम, अल्पसंख्यक तथा पिछडिएका वर्ग र क्षेत्रका समुदायहरूलाई राज्यका सबै तह र निकायमा समानुपातिक समावेशीकरण सुनिश्चित गर्ने प्रतिबद्धता पनि समेटिएको छ। साथै टिकापुर घटनासँग सम्बन्धित प्रतिशोधपूर्ण मुद्दा खारेज गर्न र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न पहल गर्ने उल्लेख गरिएको छ।

सहमतिपत्रमा नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड',सहसंयोजक माधवकुमार नेपाल र नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले हस्ताक्षर गरेका छन्। सहमतिमा उल्लिखित नीति, सिद्धान्त र विचारमा सहमत सम्पूर्ण राजनीतिक शक्ति र व्यक्तिहरूलाई नेपाली कम्युनिस्ट पार्टीमा एकताबद्ध हुन आह्वान गरिएको छ।

# यमुनामाईले ल्यायो महँगो भाडाको गाडी

## तीव्र विरोधका साथै आर्थिक अनियमितताको आशंका

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १४ पुस

जिल्लाको यमुनामाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वकिल पालले प्रयोग गर्ने गाडीको भाडा सम्झौतालाई लिएर स्थानीयस्तरमा तीव्र विरोध र आर्थिक अनियमितताको आशंका उब्जिएको छ।

गाउँपालिकाले आफ्नै जिल्ला वा कार्यक्षेत्रभित्र सवारी साधनको खोजी गर्नुको साटो वीरगञ्जका एक व्यक्तिसँग मासिक १ लाख २० हजार तिर्ने गरी सम्झौता गरेपछि यो विषय विवादको घेरामा तानिएको हो।

स्थानीय स्रोत-साधन र बजारलाई उपेक्षा गर्दै बाह्य जिल्लाको व्यक्तिसँग महँगो दरमा गरिएको यो सम्झौताले सुशासनको खिल्ली उडाएको स्थानीय बासिन्दाहरूको आरोप हो। गाउँपालिकाले सार्वजनिक गरेको विवरण अनुसार उक्त गाडीको मासिक भाडा मात्रै १ लाख २० हजार रुपैयाँ तोकिएको हो। इन्धन र मर्मत खर्च समेत जोड्दा वार्षिक रूपमा पालिकाको लाखौं बजेट एउटै विलासी सवारीमा खर्च हुने देखिन्छ।

जबकी, रौतहट जिल्लामै सोही प्रकृतिका सवारी साधनहरू निकै कम मूल्यमा उपलब्ध हुँदाहुँदै वीरगञ्जको व्यक्तिलाई नै किन रोजियो ?, भन्ने प्रश्न अहिले सार्वजनिक विमर्शको केन्द्र बनेको छ। यो मिलेमतो र आर्थिक लाभको खेल हो, एक स्थानीय युवाले आक्रोश पोख्दै भने, 'जनताले तिरेको करबाट सञ्चालित निकायले आफ्नै नागरिकलाई प्राथमिकता दिनुपर्नेमा बाहिरी व्यक्तिलाई पोस्ने काम भइरहेको छ।'

सार्वजनिक खरिद ऐन र नियमावली अनुसार कुनै पनि वस्तु वा सेवा लिँदा न्यूनतम लागतमा अधिकतम गुणस्तर र पारदर्शितालाई मुख्य आधार मान्नुपर्छ। तर, यमुनामाईको हकमा भने यी सिद्धान्तलाई तिलाञ्जली दिएको देखिन्छ।

बाहिर जानुको कारण खोजियो

अर्कोतर्फ, पालिकामा यसअघि नै रहेका सरकारी सवारी साधनहरूको उचित मर्मत र व्यवस्थापन गर्नुको साटो तिनलाई बेवास्ता गरी महँगोमा निजी गाडी भाडामा लिनुले सेटिङको आशंकालाई थप बल पुऱ्याएको छ। यसअघि पनि यमुनामाईमा सरकारी गाडीको चरम दुरुपयोग र बेवारिसे अवस्थामा सडकमै छाडिएका समाचारहरू सार्वजनिक भएका थिए।

सुशासन र पारदर्शिताको नारा दिने स्थानीय सरकारको यस्तो क्रियाकलापले आम नागरिकमा निराशा पैदा गरेको हो। स्थानीय जनताले यस विषयमा सम्बन्धित निकाय जिल्ला प्रशासन कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्काल छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन्।

जनताको हित र विकासमा खर्च हुनुपर्ने बजेट कर्मचारी र पदाधिकारीको विलासितामा सकिनुले संघीयताको मर्ममाथि नै प्रहार गरेको बुद्धिजीवीहरूको तर्क रहेको हो।

# आरती भोग परिवारद्वारा ७३ हजारलाई निःशुल्क भोजन

**काठमाडौं/मस–** आरती भोग परिवारले शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा आउने बिरामी तथा कुरूवा गरी एक वर्षको अवधिमा ७३ हजार जनालाई निःशुल्क भोजन गराएको छ। मुटुको रोग उपचारको लागि शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा आउने गरिब तथा असहाय बिरामी र बिरामी कुरुवाहरूका लागि निःशुल्क भोजन गराउने उद्देश्यसहित डा.बिनुबाबा अर्यालको अग्रसरता उक्त संस्था गत वर्ष मंसिर ३० गते स्थापना गरिएको हो।

प्रथम वार्षिक साधारणसभाका अवसरमा संस्थाका महासचिव मोहन कुमार ढुंगेलले 'अन्नदान नै भगवानको परम सेवा हो' भन्ने मान्यताका आधारमा मन फराकिलो पारेर मंसिर ३० गतेदेखि पुण्य प्राप्तिको काम गरी रहेको बताए। निजी चन्दादाताबाट प्राप्त



सहयोगका आधारमा सञ्चालन भइरहेको उक्त संस्थाले मानव परोपकारी कार्यलाई सकेसम्म मुलुकका दुरदराजका साधन र श्रोतको अभाव झेलिरहेका अस्पतालसम्म पुऱ्याउने लक्ष्य रहेको बताए। महासचिव ढुंगेलले खाना खानेको संख्या दैनिक बढेको खाद्यान्नको निरन्तर मूल्य वृद्धि भएको र जनशक्तिको अभाव रहेको भन्दै यी समस्याको समाधान गर्न सके आगामी दिनमा भण्डार क्षमता र सहयोगी संवंसेवक बढाएर बिहान बेलुकी दुई पटक खाना खुवाउन सकिने बताए।

कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य डा.चन्द्रकान्त भण्डारीले अन्न नै समस्त प्राणीहरूको प्राण रक्षाको आधार भन्दै भोको व्यक्तिलाई अन्न गरेर अतुलनीय र अनुकरणीय कार्य गरेको भन्दै संस्थाले सुरुवात गरेको मानवीय कार्यको प्रशंसा गरे। कार्यक्रमलाई वैदिक अनुसन्धान गुठीका अध्यक्ष १००८ स्वामी डाक्टर केशवानन्द गिरी, संस्थाका संरक्षक एवं बूढानीलकण्ठ मन्दिर दशनामी मठका मठाधीष तथा संरक्षक १००८ स्वामी निगमानन्द गिरी अस्पतालका निर्देशक प्राध्यापक डाक्टर रवि मल्ल, चतुर्भुजाचार्य चुणामणिजी महाराज, रुरु क्षेत्र एवं हयग्रीव मन्दिरका संरक्षक स्वामी जगदीश प्रपन्नचार्य,ॐकार परिवारकम अध्यक्ष मुकुन्द हुमागाई लगायतले सम्बोधन गर्दै मानव सेवामा आरती भोग परिवारले गरेको कार्यको प्रशंसा गरे।

यसैगरी जगत्गुरु आश्रम एवं जगतनारायण मन्दिर व्यवस्थापन तथा सञ्चालन समिति शंखमुलका अध्यक्ष टिकाराम अर्याल, पशुपतिनाथ एवं बागमती गंगा आरतीका अध्यक्ष जनार्दन शर्मा,चित्रकार हरिप्रसाद शर्मा लगायतको पनि उपस्थिति रहेको थियो। दीप प्रज्वलन तथा भगवान्का तस्बीरमा माल्यार्पण र स्वस्तिवाचन गरेर उद्घाटन गरिएको कार्यक्रममा सहयोगीहरूलाई सम्मानित गरिएको थियो।

**Bakaiya Rural Muncipality**

**Office of Rural Municipal Executive**

**Hattisunde, Makawanpur**

**Bagmati Province, Nepal**

## Invitation for Electronic Bids

**Date of publication: December 30, 2025 (2082 Paus 15)**

**B**akaiya Rural Muncipality, Hattisude, Makwanpur invites electronic bids from eligible bidders for below mentioned Goods Supply, Deliver and Installtion under NCB bidding procedures as specified in Public Procurement Act and Regulations.

| Contract ID No. | Name of Works | Estimated Amount NRs. (Including all taxes if applicable) | Bid Security NRs. | Bid Doc Cost NRs. |
|---|---|---|---|---|
| BRM/NCBG/05/082-083 | Procurement of Supply, Delivery and Installation of Agricultural Machineries. | 1,81,80,400.00 | 5,45,000.00 | 3000.00 |
| BRM/NCBG/06/082-083 | Procurement of Supply and Delivery of Feed Ingredients. | 1,84,30,807.50 | 5,50,000.00 | 3000.00 |

Other information shall be collected from our PPMO'se-GP system: www.bolpatra.gov.np/egp Or Bakaiya Rural Muncipality, Office of Rural Muncipal Executive, Hattisunde Makwanpur.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१५ पुस २०८२ मंगलबार
30 December 2025 Tuesday

## सम्पादकीय

# महानगरले दायित्व पूरा गरोस्

काठमाडौं महानगरपालिकाले सम्पर्कविहीन रहेको भन्दै सार्वजनिक गरेका १ सय ७ निजी विद्यालयको सूची सामान्य प्रशासनिक सूचना मात्र होइन। यो सूचीले महानगरको शैक्षिक प्रशासन, नियमन प्रणाली र राज्यको उत्तरदायित्वमाथि गम्भीर प्रश्न उठाएको छ। ती विद्यालय खोल्न अनुमति महानगरले दिएको हो । अनुगमन, अभिलेख र नियमन पनि उसकै दायित्व थियो। तर ती विद्यालय कहिले खुले ? कति समयसम्म सञ्चालन रहे ? किन बन्द भए ? भन्ने जानकारी महानगरसँग छैन।

विद्यालय विशुद्ध व्यवसाय मात्र होइन । त्यो विद्यार्थीको प्रस्थान बिन्दु हो, जहाँ शैक्षिक पृष्ठभूमि र अभिलेख सुरक्षित हुनुपर्छ । किनभने विद्यार्थीलाई जुनसुकैबेला आवश्यक पर्न सक्ने चारित्रिक प्रमाणपत्र, शैक्षिक विवरण र सिफारिस विद्यालयले उपलब्ध गराउन सक्नुपर्छ । विद्यालय बन्द भए पनि ती अभिलेख सुरक्षित राख्ने जिम्मा राज्यकै हो । तर बन्द भएका विद्यालयको कुनै अभिलेख सुरक्षित छैन। यीमध्ये कतिपय विद्यालय दुई दशकअघि स्थापना भएका देखिन्छन् । केहीका वेबसाइट र सामाजिक सञ्जाल पेज अझै सक्रिय छन् । कतै हालैका परीक्षा र छात्रवृत्तिका सूचना पनि भेटिन्छन् । तर स्थलगत रूपमा ती विद्यालय छैनन्। यस्तो अवस्थामा महानगरले अनविज्ञता प्रकट गर्न पाउँदैन। अनुमति दिने निकायले नै परिणाम थाहा नपाउनु गैरजिम्मेवारी हुन आउँछ । यसको प्रत्यक्ष असर विद्यार्थी र अभिभावकमाथि परेको छ। भोलि कुनै पूर्वविद्यार्थीले प्रमाणपत्र माग्दा कहाँ जाने ? कसले प्रमाणित गर्ने ? कागजात नपाएर अध्ययन, रोजगारी वा वैदेशिक अवसर गुमेमा त्यसको क्षतिपूर्ति कसले बेहोर्ने ? यी प्रश्नको जवाफ दिनु महानगरको दायित्व हो ।

महानगरले अब ती विद्यालयको अनुमति खारेज गर्ने प्रक्रिया अघि बढाएको छ। कानुनअनुसार यो आवश्यक कदम हो। तर अनुमति खारेजी मात्र समाधान होइन। वास्तविक समाधान भनेको अभिलेखको खोजी, संरक्षण र व्यवस्थापन हो । प्रत्येक बन्द वा सम्पर्कविहीन विद्यालयका शैक्षिक तथा प्रशासनिक कागजात महानगरले नियन्त्रणमा लिनुपर्छ । डिजिटल अभिलेख प्रणाली अनिवार्य गर्नुपर्छ। विद्यालय अनुमति, नवीकरण र अनुगमनको प्रक्रिया पारदर्शी र कडाइका साथ लागू गर्नुपर्छ। महानगरले भएका गल्ती सच्याउने र भविष्यमा यस्तो अवस्था दोहोरिन नदिने स्पष्ट कार्ययोजना सार्वजनिक गर्नैपर्छ।

# सुदूर र कर्णालीको समृद्धि कसरी ?

*यदि नेतृत्व र प्रशासनले इमानदार सुधारलाई प्राथमिकता दिए भने सुदूर र कर्णाली दुवै प्रदेश नेपालका नमुना प्रदेश बन्ने क्षमता राख्छन् ।*

अग्रलेख



● गोरखबहादुर बिसी

सुदूर तथा कर्णाली प्रदेश नेपालका प्राकृतिक स्रोत, सांस्कृतिक विविधता र भौगोलिक विशिष्टताले भरिपूर्ण क्षेत्र हुन्। पानी, जंगल, औषधिजन्य वनस्पति, पर्यटन सम्भावना, कृषि-पशुपालन तथा ऊर्जा उत्पादनका लागि अत्यन्त सम्भावनायुक्त यी दुई प्रदेश आज पनि पछौटेपन, गरिबी र आधारभूत पूर्वाधारको अभावसँग जुधिरहेका छन् । दशकौंदेखि 'विकासका प्राथमिक क्षेत्र' भनेर चिनाइए पनि व्यवहारमा अपेक्षित प्रगति हुन नसक्नुको मूल कारण राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको अक्षमता, उदासीनता तथा स्वार्थ-प्रेरित गतिविधि नै हुन् । यस लेखमा सुदूर र कर्णाली प्रदेशको विकासमा राजनीतिक नेतृत्व र कर्मचारी प्रणालीले कसरी बाधक भूमिका खेलेका छन् भन्ने पक्षलाई बहुआयामिक रूपमा विश्लेषण गरिएको छ ।

प्रदेशको विकासका लागि दीर्घकालीन योजना, स्पष्ट प्राथमिकता र स्रोत परिचालनको रणनीति अपरिहार्य हुन्छ। तर सुदूर र कर्णालीका अधिकांश राजनीतिक नेतृत्व पाँच वर्षे कार्यकाल पूरा गर्नेमात्र लक्ष्यमा सीमित देखिन्छन्। चुनावका बेला गरिने नारा, घोषणा र महत्वाकांक्षी योजनाहरू कार्यान्वयनको चरणमा पुग्नै सक्दैनन् । सडक, शिक्षा, स्वास्थ्य, ऊर्जा, कृषि तथा पर्यटनजस्ता क्षेत्रका योजनाहरू सरकार परिवर्तनसँगै 'रिसेट' हुने परिपाटीले विकास प्रक्रियालाई निरन्तर अवरुद्ध गरिरहेको छ । प्रदेश र स्थानीय तहमा समेत राजनीतिक दलहरूबीचको शक्ति-खेल, भागबण्डा तथा मन्त्रालय र पदको झगडाले धेरै महत्वपूर्ण योजनाहरू रोकिएका छन्। विकास निर्माणका ठेक्का वितरणमा दलीय निकटताले प्राथमिकता पाउने अभ्यासले गुणस्तरहीन काम, ढिलासुस्ती र भ्रष्टाचारलाई प्रश्रय दिएको छ। सुदूर र कर्णाली प्रदेशमा सडक निर्माणदेखि सामाजिक क्षेत्रसम्म 'कसको मान्छे' भन्ने प्रश्न विकासभन्दा ठूलो बन्दै गएको छ ।

स्थानीय सरकारका जनप्रतिनिधिहरूबाट अपेक्षित नेतृत्व देखिँदैन । क्षमता अभिवृद्धि, प्राविधिक ज्ञान, निर्णय क्षमता र पारदर्शितामा कमजोरी हावी छ । कतिपय स्थानीय तहमा योजना छनोटदेखि बजेट विनियोजनसम्म वैज्ञानिक आधारभन्दा राजनीतिक स्वार्थ प्रधान देखिन्छ। यसले योजनाहरू त बनाउँछ, तर आवश्यक पूर्वाधार, मानवस्रोत र दिगो व्यवस्थापनतर्फ ध्यान नदिई योजनालाई केवल खर्च गर्ने माध्यम बनाइन्छ ।

विकास अवरुद्ध हुने अर्को मुख्य कारण कर्मचारीतन्त्रको कार्यशैली हो । सुदूर र कर्णाली प्रदेश कर्मचारीका लागि स्थायी रूपमा बस्न नचाहिने क्षेत्रजस्तै बनेका छन्। कठोर भौगोलिक अवस्था, सुविधा अभाव, परिवारसहित बस्न कठिनाइ तथा 'भाइ-भतिजावाद'का कारण कर्मचारी यहाँ लामो समय काम गर्न इच्छुक हुँदैनन् । राजनीतिक-प्रशासनिक सम्झौताका आधारमा हुने सामूहिक सरुवा (मास ट्रान्सफर)ले कार्यालयको तालमेल बिगार्ने समस्या दीर्घकालीन बनेको छ। कर्मचारी कहिले आउँछन्, कहिले जान्छन् भन्ने अनिश्चितताले योजनागत काम र सेवाप्रवाह दुवै प्रभावित भएका छन् ।

प्रदेश तथा स्थानीय तहका कार्यालयहरूमा कर्मचारीहरूको उपस्थिति, सेवाप्रवाह र कार्यक्षमता अत्यन्त कमजोर देखिन्छ। हाजिरीमा अनियमितता, सेवाप्रवाहमा ढिलासुस्ती, काम नगरी तलब खाने प्रवृत्ति, अनपेक्षित बिदा तथा 'टाइम-पास' संस्कृतिले जनतामा गहिरो निराशा पैदा गरेको छ । 'यो त धारा बग्ने जागिर हो' भन्ने मानसिकता अझै कर्मचारीतन्त्रमा जीवित छ। यस्तो अवस्थामा विकास निर्माणका योजना समयमै सम्पन्न हुनु त परै जाओस्, धेरै योजना सुरु नै नहुने वा अधुरै रहने अवस्था सामान्य बनेको छ ।



> *सरकार फेरिँदैमा योजना फेरिने परिपाटी अन्त्य गरी सुदूर र कर्णालीका लागि १०-२० वर्षे दीर्घकालीन मास्टर प्लान तयार गर्नुपर्छ, जसले जुनसुकै सरकार आए पनि निरन्तरता सुनिश्चित गरोस् ।*

ठेक्का प्रक्रिया, सामान खरिद, बजेट निकासा तथा सिफारिस-अनुदानजस्ता क्षेत्रमा कर्मचारीतन्त्रभित्र गहिरो भ्रष्टाचार रहेको जनगुनासो व्यापक छ। राजनीतिक नेतृत्व र कर्मचारीबीचको 'साझेदारी भ्रष्टाचार'ले योजनाहरू महँगा, गुणहीन र अपूरा बनाएको छ। विकासका नाममा खर्च बढेको देखिए पनि परिणाम नदेखिनु यही भ्रष्टाचार र कमजोर अनुगमनको प्रत्यक्ष प्रमाण हो ।

यसको प्रत्यक्ष प्रभाव शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि र रोजगारीजस्ता क्षेत्रमा स्पष्ट देखिन्छ। कर्णाली र सुदूरपश्चिमका विद्यालयहरूको शैक्षिक गुणस्तर कमजोर छ। शिक्षकको उपस्थिति, सिकाइ उपलब्धि र व्यवस्थापनमा गम्भीर समस्या छन् । सरकारी विद्यालय सुधारका कार्यक्रमहरू कागजमै सीमित रहनुमा राजनीतिक हस्तक्षेप र कर्मचारीतन्त्रको उदासीनता प्रमुख कारण बनेको छ। स्वास्थ्य क्षेत्रमा पनि अवस्था उस्तै छ। स्वास्थ्य केन्द्र र अस्पतालमा औषधिको अभाव, चिकित्सकको कमी र उपकरण प्रयोगविहीन अवस्थामा छन्। अस्थायी कर्मचारी, करार चिकित्सक र अव्यवस्थित सरुवा प्रणालीले सेवाप्रवाह सुधार्न झन् कठिन बनाएको छ ।

